पर्यटनको नयाँ गन्तव्य

# लिम्चुङबुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाराहा, उदयपुर

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८२।०७।२७ गते)

यस लिम्चुङबुङ गाउँपालिकामा तपसिल बमोजिमको पदमा खुला प्रतिस्पर्धाबाट करार सेवामा आवश्यक जनशक्ति पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त पेश गर्न आह्वान गरिएकोछ।

तपसिलः

- **पदको विवरण**

| क्र.स. | विज्ञापन नं. | पद | संख्या | तह | किसिम |
|---|---|---|---|---|---|
| १ | ०३/२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता | १ | सहायक पाँचौं तह वा सो सरह | खुला |

- **आवश्यक न्यूनतम योग्यताः-**

**क) मनोसामाजिक परामर्शकर्ता**

- मान्यता प्राप्त शैक्षिक सँस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्व विद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसलवर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उतीर्ण गरेको ।
- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएकालाई विशेष प्राथमिकता दिईनेछ।
- कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, Power Point, Email/internet ) नेपाली र अँग्रेजी दुवै भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।
- SaMi कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमाः कम्तिमा प्रवीणतापत्र तह वा १२ कक्षा उतीर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिना तालिम प्राप्त गरी सो केन्द्रबाट प्रमाण-पत्र प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यवस्थापन प्रणालीमा सुचिकृत भएको ।

०८२/०७/२६

सन्देश राई

प्रमुख प्रशासकीय अधिकृत

- **दरखास्त दिने स्थानः-** कार्यालय समय भित्र लिम्चुङबुङ गाउँ कार्यपालिकाको कार्यालयको कार्यालयको प्रशासन शाखामा बुझाउनुपर्नेछ तथा लिम्चुङबुङ गाउँपालिकाको इमेल ito.limchunbunmun@gmail.com मार्फत समेत दरखास्त फारम, राजस्व तिरेको रसिद तथा आवश्यक सम्पूर्ण कागजात सहित आवेदन दर्ता गर्न सकिने छ ।ईमेल मार्फत दरखास्त दर्ता गरेका उमेद्वारले दरखास्त लगायतका सम्पूर्ण विवरणको सक्कल प्रति परीक्षा दिन आउदा बुझाउनु पर्नेछ ।
- **उमेरः** दरखास्त दिने अन्तिम मिति सम्ममा पुरूषको हकमा १८ वर्ष पुरा भई र ३५ वर्ष ननाघेको , र महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
- **परीक्षा दस्तुरः-** सहायक स्तर पाँचौ तह -:रू.७००। (सात सय)- यस गाउँपालिकामा रहेको नेपाल एसबिआइ बैंक ४३२९५२४१२०७००४ (GA1.1 Antarik Rajaswa Khata) मा जम्मा गरी सोको सक्कलै दरखास्तको साथ पेश गर्नुपर्ने छ ।
- **दरखास्त साथ संलग्न कागजातहरुः** - उम्मेदवार स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपीहरु

  क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

  ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

  ग) कामसँग सम्बन्धित अनुभव भए सोको प्रमाणपत्रको प्रतिलिपी

  घ) तालिमको प्रमाण पत्र

  ङ) तोकिएको राजश्व तिरेको रसिद
- **छनौटको किसिमः** लिखितप्रयोगात्मक र अन्तर्वार्ता परीक्षा। ,
- लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेद्वारले अन्तर्वार्ता दिनु अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र , अनुभव ,नागरिकतासम्बन्धि कागजात लगायत अन्य आवश्यक कागजातहरूको सक्कल प्रतिका साथै प्रतिलिपि अनिवार्य रूपमा बुझाउनु पर्ने छ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो विदा लगतै कार्यालय खुलेको दिन कार्यालय समयभित्र दरखास्त पेश गर्नुपर्नेछ।
- आवेदनको ढाँचा र्ती सम्बन्धी अन्य जानकारी गाउँपालिकाको वेबसाइटःपाठ्यक्रम लगाएत पदपु , https://limchungbungmun.gov.np/ बाट प्राप्त गर्न सकिने
- **परीक्षा मितिः** - गाउँपालिकाको कार्यालयले पछि सूचना प्रकाशन गरिनेछ।

२०८२।०६।२८

सन्देश राई

प्रमुख प्रशासकीय अधिकृत

सन्देश राई
प्रमुख प्रशासकीय अधिकृत